# पर्सागढी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

हरपुर, पर्सा

मधेश प्रदेश, नेपाल

## स्थानीय राजपत्र

खण्डः– ६ संख्याः–११ मितिः– २०७९/०४/१५ गते

भागः– १


## पर्सागढी नगरपालिका शिक्षा ऐन, २०७८

**प्रस्तावनाः**

नेपालको संविधानको धारा ३१ र अनुसूचि ८ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११. उपदफा (२) को (ज) अनुसारका कार्यहरुद्वारा पर्सागढी नगरपालिका र समग्र देशको विकासका लागि लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुकूल शिक्षाको गुणस्तरीयता वृद्धी र सबै वर्ग तथा समुदायको पहुँच कायम गर्न, गराउन एवं राष्ट्रको शिक्षा नीति अनुसार नगरपालिका क्षेत्रमा स्थापना भएका र स्थापना हुने विद्यालयको व्यवस्थापकीय सुधार गरी समयानुकूल सीप र प्रविधि सहितको शैक्षिक विकास गर्न वाञ्छनीय भएकाले

नेपालको संविधानको धारा २२३ अनुसार गठित पर्सागढी नगरपालिकाको नगर सभाले संविधानको धारा २२६ को (१) तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (१) बमोजिम पर्सागढी नगरपालिका शिक्षा ऐन, २०७८ पारित गरीएको छ ।

### परिच्छेद -१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "पर्सागढी नगरपालिका शिक्षा ऐन २०७८" रहेको छ ।

(२) यो ऐन पर्सागढी नगरपालिका भर लागु हुनेछ ।

(३) यो ऐन नगर सभाबाट पारित भई पर्सागढी नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएर लागु हुनेछ ।

**२. परिभाषाः**

**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा**

(१) "नगरपालिका" भन्नाले पर्सागढी नगरपालिका सम्झनुपर्छ ।

(२) "प्रमुख" भन्नाले यस पर्सागढी नगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ ।

(३) "उपप्रमुख" भन्नाले पर्सागढी नगरपालिकाको उप-प्रमुख सम्झनुपर्छ ।

(४) "कार्यपालिका" भन्नाले पर्सागढी नगरपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

(५) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पर्सागढी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्ने कर्मचारी प्रमुख सम्झनुपर्छ । यसले कार्यपालिका र नगर सभाको सदस्य सचिवलाई समेत जनाउछ ।

(६) "कार्यालय" भन्नाले पर्सागढी नगरपालिकाको कार्यपालिकाको कार्यालय सम्झनुपर्छ

(७) "कार्यपालिका सदस्य" भन्नाले पर्सागढी नगरपालिकाको कार्यपालिका सदस्य सम्झनुपर्छ। सो शब्दले नगर प्रमुख, उप-प्रमुख र वडा अध्यक्ष समेतलाई जनाउछ।

(८) "नगर सभा" भन्नाले पर्सागढी नगरपालिकाको नगर सभा सम्झनुपर्छ।

(९) "नगर सभा सदस्य" भन्नाले पर्सागढी नगरपालिकाको नगर सभा सदस्य सम्झनुपर्छ। सो शब्दले नगर प्रमुख, उप-प्रमुख र वडा अध्यक्ष कार्यपालिका सदस्य समेतलाई जनाउछ।

(१०) "मन्त्रालय" भन्नाले शिक्षा हेर्ने मन्त्रालय वा सो कामको लागि तोकिएको संघ र प्रदेशको मन्त्रालयलाई सम्झनुपर्छ।

(११) "बिषयगत शाखा" भन्नाले पर्सागढी नगरपालिका अन्तरगतको बिषयगत शाखा, उपशाखा, कार्यालय वा इकाईलाई सम्झनुपर्छ।

(१२) "वडा सचिव" भन्नाले पर्सागढी नगरपालिकाको वडा कार्यालयको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्न तोकिएको वडा सचिव/कर्मचारी सम्झनुपर्छ।

(१३) "वडा समिति" भन्नाले पर्सागढी नगरपालिकाको वडा समितिहरु सम्झनुपर्छ।

(१४) "ऐन" भन्नाले पर्सागढी गाउपालिकाको शिक्षा ऐन २०७८ लाई सम्झनुपर्छ।

(१५) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षालाई वुझाउछ।

(१६) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि बाह्रसम्म दिइने शिक्षालाई वुझाउछ।

(१७) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षालाई वुझाउछ।

(१८) "विशेष शिक्षा" भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षालाई वुझाउछ।

(१९) "प्राविधिक तथा व्यवशायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान, सीप, दक्षता तथा विषयवस्तुको सिकाइ गरी प्रविधि र व्यवशायको शिक्षा प्रदान गर्न कक्षा नौदेखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई वुझाउछ। यसले ननएकेडेमिक जस्तै सीप, दक्षता र सिकाइ प्रदान गर्ने शिक्षालाई समेत जनाउछ।

(२०) "सामुदायीक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा रहित नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त भई सञ्चालनमा रहेका र यस ऐन जारी भएपछि पर्सागढी नगरपालिकाबाट अनुमति/स्वीकृति प्राप्त सामुदायीक विद्यालयलाई वुझाउछ।

(२१) "संस्थागत विद्यालय" भन्नाले व्यक्ति/संस्था वा समुदायको पहलमा स्थापना गरिएका नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त भई सञ्चालनमा रहेका विद्यालय र यस ऐन जारी भएपछि पर्सागढी नगरपालिकाबाट अनुमति वा स्वीकृति प्राप्त निजि तथा सार्वजनिक स्वमित्व प्राप्त विद्यालयलाई वुझाउछ।

(२२) "प्राविधिक शिक्षलय" भन्नाले व्यक्ती, सस्था, निकाय, समुदायको पहलमा वा पर्सागढी नगरपालिकाको बाट स्थापना गरिएको नाफा रहित वा व्याबशायिक रुपमा सञ्चालन

अनुमति वा स्वीकृति प्राप्त भई सञ्चालनमा रहेका र यस ऐन जारी भएपछि पर्सागढी नगरपालिकाको बाट अनुमति वा स्वीकृती प्राप्त प्राविधिक तथा व्यवसायिक शिक्षा दिन स्थापित् शिक्षलय/विद्यालयलाई वुझाउछ ।

(२३) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा नगरपालिकाले आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई वुझाउछ ।

(२४) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्ति वा समुदायले नाफा आर्जन नगर्ने उद्धेश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी बुझ्नु पर्नेछ ।

(२५) "सहकारी विद्यालय" भन्नाले कुनै सहकारीले सहकारीताको माध्यमबाट विद्यालय सञ्चालन गर्ने उद्धेश्यले स्थापना गरेको संस्थागत विद्यालयलाई वुझाउछ ।

(२६) "धार्मिक विद्यालय" भन्नाले परम्परागत रुपमा चलिआएका गोन्पा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई जनाउँदछ ।

(२७) "व्यवस्थापन समिति" भन्नाले परिच्छेद २६ बमोजिमको विद्यालय व्यवस्थापन समिति सम्झनुपर्छ ।

(२८) "प्रधानाध्यापक" भन्नाले नियम (४६) बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापक सम्झनुपर्छ ।

(२९) पुर्व प्राथमिक शिक्षा भन्नाले ४ बर्ष उमेर पुगेका वालवालिकालाई एक वर्ष दिइने शिक्षालाई वुझाउछ ।

(३०) "प्रारम्भिक बाल विकास शिक्षा" भन्नाले ४ बर्षमुनिका बालबालिकाहरूलाई मनोरञ्जन विधिबाट शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक विकासका लागि साम'दायीक र संस्थागत रुपमा दिइने प्रारम्भिक बाल विकास शिक्षालाई वुझाउछ ।

(३१) "पाठ्यक्रम विकास केन्द्र" भन्नाले संघीय ऐन वमोजिम पाठ्यक्रम निर्माणको लागि जिम्मेवार निकायलाई सम्झनुपर्छ ।

(३२) "शिक्षा अधिकारी" भन्नाले नगरपालिका भित्रको शिक्षालाई व्यवस्थित सञ्चालन, व्यवस्थापन, नियमन, निर्देशन, अनुगमन र मूल्याङ्कन गर्ने तथा ऐन बमोजिम तोकिएका कार्य गर्न तोकिएको कर्मचारी वुझाउछ ।

(३३) "निरीक्षक" भन्नाले विद्यालय निरीक्षण गर्न तोकिएको अधिकृत/कर्मचारीलाई सम्झनुपर्छ ।

(३४) "स्रोतकेन्द्र" भन्नाले नगरपालिका भित्र रहेका विद्यालयहरुको समूह बनाई पायक पर्ने स्थानमा कार्यालय रहने गरी नगरपालिकाको क्षेत्र भित्रका विद्यायलहरुको शैक्षिक गतिविधिहरु सञ्चालन हुने केन्द्रलाई वुझाउछ ।

(३५) "स्रोतव्यक्ति" भन्नाले स्रोत केन्द्रको प्रमुख पदमा नियुक्त भएका व्यक्तिलाई वुझाउछ ।

(३६) "कर्मचारी" भन्नाले विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी वुझाउछ ।

(३७) "शैक्षिक सत्र" भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधी सम्झनुपर्छ ।

(३८) "अनुमति" भन्नाले स्थायी स्वीकृति प्रदान गरी नसकेको तर कुनै तोकिएको ठाउँमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिइएको अस्थायी स्वीकृतिलाई जनाउनेछ ।

(३९) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको सर्त पुरा गरेको विद्यालयलाई दिइएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(४०) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियम, नियमावली कार्यविधीमा तोकिएको वा तोकिए बमोजिम भन्ने जनाउछ ।

## परिच्छेद -२

## विद्यालय खोल्ने अनुमति वा स्वीकृति, गाभ्ने र खारेजी सम्वन्धी व्यवस्था

**३. विद्यालय खोल्न अनुमति लिनु पर्नेः**

(१) नेपाली नागरिक तथा नेपाली संघ, सस्था, निकाय र समुदायले सामुदायीक विद्यालय वा संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई तोकिएको प्रकृया पुरा गरी अनुमतिका लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर नगरपालिका शिक्षा अधिकारीले आवश्यक जाँचवुझ गर्ने र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिव देखिएमा तोकिएको सर्त तथा बन्देज पालना गर्ने गरी नगरपालिका शिक्षा समितिको सिफारीसमा कार्यपालिकाले अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएका सर्त बन्देज पालन गरेको देखिएमा नगरपालिका शिक्षा समितिको सिफारिशमा कार्यपालिकाले स्वीकृति प्रदान गर्नेछ ।

(४) यो दफा प्रारम्भ हुँदाका वखत कम्पनिको रूपमा सञ्चालन गरेका विद्यालयहरूले चाहेमा कम्पनि खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछन् ।

(५) सामुदायीक (समुदायको पहल र सामुदायीक स्वमित्व हुने) र नगरपालिकाको स्वमित्वमा रहने विद्यालयवा शिक्षलय वाहेकका अन्य कुनैपनि विद्यालय वा शिक्षलय सरकारी वा सार्वजनिक जग्गा भवनमा सञ्चालन गर्न पाउने अनुमति दिइने छैन ।

(६) यस ऐन वा प्रचलित कानूनका अन्य दफाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक सङ्गठित संस्थाको रूपमा हुनु पर्नेछ ।

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टमा सार्वजनिक गुठी भए कम्तीमा ७ (सात) जना र निजी गुठी भए कम्तीमा ५ (पाँच) जना सदस्य हुनु पर्नेछ ।

(ग) शैक्षिक गुठीको आयव्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्नेछ ।

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा कार्य गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछन । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा नगरपालिका शिक्षा समितिको स्वीकृति लिनु पर्नेछ ।

(७) सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्धेश्यबाट विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको प्रकृयाबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्नसक्नेछ ।

(८) उपदफा (७) बमोजिम सञ्चालित विद्यायलयले पालन गर्नु पर्ने सर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(९) माथि उल्लेखित उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै विदेशी शिक्षण संस्था सँग सम्बन्धन कायम गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन, तर नेपाल सरकारसँग सम्झौता भएको अवस्थामा त्यस्ता विद्यालयहरुलाई अनुमति दिन सकिनेछ ।

(१०) उपदफा ७, ८, ९ मा उल्लेख भए बमोजिम स्थापित शैक्षिक गुठी अन्तर्गतका विद्यालयलाई तोकिए बमोजिमको आवश्यक प्रक्रिया पुरा गरी सामुदायीकीकरण गर्न सकिनेछ ।

(११) यस ऐन जारी हुनु पुर्व प्रचलित कानून वमोजिम अनुमती/स्विकृती प्राप्त गरी संञ्चालनमा रहेका हाल पर्सागढ़ी नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने विद्यालय/शिक्षालय यसै ऐन अनुसार स्थापना भएको मानिनेछ ।

(१२) यस ऐन जारी हुनु पुर्व अनुमती वा स्विकृती प्राप्त गरी संञ्चालनमा रहेका सस्थागत विद्यालय वा शिक्षालयहरुले यो ऐन जारी भएको मितीले १ (एक) वर्ष भित्र दर्ता नियमित गर्न, गराउन तोकिएको ढाँचामा संम्पुर्ण विवरण सहितको निवेदन नगरपालिकामा पेश गरी अनुमती/स्विकृती नियमित गर्नुपर्नेछ।

(१२) विद्यालय खोल्ने अनुमती, स्विकृती, सञ्चालन सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४. नगरपालिकाले विद्यालय गाभ्न, सार्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने:**

(१) नगरपालिकाले हाल सञ्चालनमा रहेका सामुदायीक विद्यालयहरूलाई दुरी, विद्यार्थी सङ्ख्या, तह, गुणस्तरीयता, सञ्चालन क्षमताको आधारमा गाभ्न, एक ठाउँबाट अर्को ठाउँमा सार्न वा भइरहेको स्थानमा आवश्यक नभएको पर्याप्त आधार भएमा बन्द गर्न वा आवश्यक क्षेत्रमा खोल्न वा कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन वा नाम परिवर्तन गर्न उपयुक्त कारण देखिएमा सम्वन्धित वडा समिति र नगरपालिका शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले गर्नसक्नेछ ।

(२) उपदफा (१) बमोजिम गाभिएका वा बन्द गरिएका विद्यालयको सम्पत्तिको व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

**५. अनुमति वा स्वीकृति रद्ध गर्ने:**

कुनै संस्थागत विद्यालयले यस ऐन तथा अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा नगर कार्यपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरेको अनुमति वा स्वीकृति रद्ध गर्न सक्नेछ ।

तर त्यसरी अनुमति वा स्वीकृति रद्ध गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौका दिइनेछ ।

**६. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालन गर्ने:**

(१) कसैले पनि यस ऐन बमोजिम नगरपालिकाबाट अनुमति नलिई शैक्षिक परामर्श सेवा, बृजकोर्ष, कोचिङ्ग, ट्युसन सेन्टर, भाषा शिक्षण कक्षा, होस्टल वा पूर्वतयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिजकोर्ष, कोचिङ्ग, ट्युसन सेन्टर, भाषा शिक्षण कक्षा, होस्टल वा पूर्वतयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**७. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, ननएकेडेमिक शिक्षा, दूर शिक्षा तथा खुल्ला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था :**

कार्यपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, ननएकेडेमिक शिक्षा (शिप र प्रविधिको ज्ञान दिने), निरन्तर शिक्षा, दूर शिक्षा तथा खुल्ला शिक्षा, सामुदायीक सिकाई केन्द्र सञ्चालनको व्यवस्था गर्नसक्नेछ ।

**८. प्रारम्भिक बालविकास केन्द्र सम्वन्धी व्यवस्था:**

(१) नगरपालिकाको स्विकृतीमा सामुदायीक तथा संस्थागत प्रारम्भिक बालविकास केन्द्र तथा प्रारम्भिक बालविकास सिकाई केन्दको सञ्चालन गर्न सकिनेछ ।

(२) सामुदायीक तथा संस्थागत प्रारम्भिक बालविकास केन्द्र र प्रारम्भिक बालविकास सिकाई केन्द्रको सञ्चालन स्विकृतीको लागि तोकिए बमोजिमको मापदण्ड पुरा भएको हुनु पर्नेछ ।

(३) सामुदायीक तथा संस्थागत प्रारम्भिक बालविकास केन्द्र तथा प्रारम्भिक बालविकास सिकाई केन्दको सञ्चालन गर्न स्विकृती, अनुमतीको लागि नगर सभाले तोके वमोजिमको शुल्क दस्तुर लाग्नेछ ।

(४) प्रारम्भिक बालविकास केन्द्रको तथा प्रारम्भिक बालविकास सिकाई केन्दको सञ्चालन तथा व्यवस्थापन सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**९. सामुदायीक सिकाई केन्द्र सञ्चालन गर्न सक्ने:**

(१) नगर कार्यपालिकाले समुदायमा साक्षरता, सीप विकास, प्रविधिको ज्ञान शिप दक्षता र निरन्तर शिक्षा सिकाई समेतको काम गर्न तोकिए बमोजिम सामुदायीक सिकाइ केन्द्र सञ्चालन गर्न/गराउन सक्नेछ ।

(२) यस अघि गठन भई सञ्चालनमा रहेका सामुदायीक सिकाइ केन्द्रहरु यसै ऐन वमोजिम गठन भएको मानिनेछ ।

(३) उपदफा (२) बमोजिमका सामुदायीक सिकाइ केन्दहरुले यस ऐन जारि भएको ३ महिना भित्र दर्ता नियमितका लागी कार्यपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम तथा नया सामुदायीक सिकाई केन्द्र दर्ता गर्न पेस भएका निवेदन उपर आवश्यक कारवाही गरी नगर शिक्षा समितिको निर्णयमा प्रमुख प्रशासकीय अधिकृतले दर्ता नियमित तथा दर्ता गरी प्रमाणपत्र जारी गर्नेछ ।

## परिच्छेद-३

## शिक्षाको प्रकार, माध्यम, पाठ्यक्रम र परीक्षा सञ्चालन सम्वन्धी व्यवस्था

**१०. विद्यालय शिक्षाको वर्गीकरणः**

नगरपालिकाको अन्तर्गतका विद्यालयहरूलाई माध्यमिक शिक्षा, आधारभूत शिक्षा गरी दुई प्रकारमा वर्गीकरण गरिनेछ ।

**११. माध्यमिक शिक्षाको प्रकारः**

माध्यमिक शिक्षा देहायका प्रकारका हुनेछनः

(१) साधारण माध्यमिक शिक्षा

(२) संस्कृत माध्यमिक शिक्षा

(३) प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा

(४) धार्मिक शिक्षा

**१२. शिक्षाको माध्यमः**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली, अंग्रेजी वा दुवै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछः

(क) प्राथमिक शिक्षा मातृभाषामा दिन सकिनेछ ।

(ख) गैह्र नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको र अन्य कुनै भाषाको विषयमा अध्ययन गर्नसक्नेछ ।

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

**१३. विद्यालयको पाठ्यक्रम तथा पाठ्यपुस्तकः**

(१) विद्यालयमा नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड पुरा गरी आवश्यक सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ ।

(२) विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्न सक्नेछ । सो प्रयोजनका लागि नगर कार्यपालिकाले स्थानीय पाठ्यक्रम विकास केन्द्र गठन गरी पाठ्यक्रम विकास गर्न सक्नेछ ।

(३) कुनैपनि विद्यालयले नेपाल सरकारले तोकेको पाठ्यक्रमका अतिरिक्त नगरपालिका शिक्षा समितिको पुर्व स्विकृती लिई थप पाठ्यक्रम तथा पाठ्यपुस्तक समावेश गरी पठन पाठन गराउन सक्नेछ ।

(४) पाठ्यक्रम विकास केन्द्रले तोकेमा वा नगरपालिकाले अन्यथा व्यवस्था गरेकोमा वाहेक विद्यालयहरुले कुनैपनि वहानामा ५ वर्ष सम्म तोकिएका पाठ्यपुस्तकमा परिवर्तन गर्न गराउन पाउने छैन ।

(५) पाठ्यपुस्तक परिवर्तन गर्न परेमा आवधिक समिक्षा गरी कारण सहित शिक्षा समितिको पुर्व स्विकृती लिनु पर्नेछ ।

(६) नगरपालिकाले सामुदायीक विद्यालयमा गुणस्तर र भाषा शिक्षामा सुधार ल्याउन गरिने प्रयासको हकमा उपदफा (४) ले रोकेको मानिने छैन ।

**१४. परीक्षा सञ्चालन:**

(१) परीक्षा सञ्चालन, अनुगमन, नियमन, नतिजा प्रकाशन तथा अभिलेख व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

(२) आधारभूत तह (कक्षा ८) को अन्तिम परीक्षा नगरपालिकाले सञ्चालन गर्नेछ ।

## परिच्छेद -४

## नगर शिक्षा समिति, शिक्षक छनौट समिति, शिक्षा अनुगमन समिति र शिक्षा प्रमुख सम्वन्धी व्यवस्था

**१५. नगर शिक्षा समिति:**

(१) पर्सागढी नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने सम्पूर्ण विद्यालयहरु, शिक्षा कार्यरम एवं शैक्षिक गतिविधिहरुको नीतिगत व्यवस्था, रेखदेख, समन्वय, नियमन तथा व्यवस्थापन गर्ने कामका लागि देहाय बमोजिमको पर्सागढी नगरपालिका शिक्षा समिति रहनेछ:

(क) नगरपालिका प्रमुख -संयोजक

(ख) नगर कार्यपालिकाका महिला तथा दलित समेत २ जना सदस्यहरु -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) सामुदायीक विद्यालयको प्रधानाध्यापकहरु मध्येबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी नगर प्रमुखले मनोनित गरेको एक जना प्रधानध्यापक -सदस्य

(ङ) संस्थागत विद्यालयहरुको प्रतिनिधी मुलक संस्था मध्येबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी नगर प्रमुखले मनोनित गरेको प्रतिनिधी एक जना -सदस्य

(च) अभिभावक संघका अध्यक्षहरुबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी नगर प्रमुखले मनोनित गरेको प्रतिनिधी एक जना -सदस्य

(छ) गुठी वा परम्परागत धार्मिक विद्यालयका तर्फबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी समितिले तोकेको सदस्य १ जना -सदस्य

(ज) वाल क्लवहरु मध्येबाट समितिले तोकेको १ वालिका, १ वालक -सदस्य

(स्थाई आमन्त्रित)

(झ) नगरपालिकाको शिक्षा अधिकृत/शिक्षा हेर्ने कर्मचारी -सदस्य सचिव

(२) शिक्षा समितिको वैठक आवश्यकता अनुसार वस्नेछ ।

(३) शिक्षा समितिको वैठक संयोजकको निर्देशनमा सदस्य सचिवले वोलाउनेछ ।

(४) शिक्षा समितिको सेवा सुविधा तोकिए बमोजिम हुनेछ ।

(५) वैठक सञ्चालनको लागि कम्तीमा ५० प्रतिशत सदस्यको उपस्थीति आवश्यक पर्नेछ भने वैठकको निर्णय सकेसम्म सर्वसम्मत हुनेछ । सर्वसम्मत नभएको अवस्थामा संयोजक सहितको वहुमतको आधारमा हुनेछ ।

(६) समितिका पदेन सदस्य बाहेक मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(६) नगरपालिका शिक्षा समितिले पुर्णता नपाएको कारणले समितिले गर्ने निर्णय तथा तोकिए बमोजिमका कार्यहरु गर्ने गराउन वाधा परेको मानिने छैन ।

(७) उपदफा (१) अन्तर्गतका मनोनित तथा अन्य सदस्यहरूले आफ्नो पदीय आचरण पालना नगरेको अवस्थामा जुनसुकै समयमा पनि हटाउन वा बर्खास्त गर्न सकिनेछ । तर त्यसरी हटाउँदा वा बर्खास्त गर्नु पहिले मनासिब माफिकको सफाइ दिने अवसर प्रदान गरिनेछ । यसरी हटाए उपर चित्त नबुझेमा न्यायिक समितिमा उजुरी लाग्नेछ ।

**१६. नगरपालिका शिक्षा समितिको काम, कर्तव्य र अधिकार :**

नगरपालिका शिक्षा समितिको काम, कर्तव्य र अधिकार अन्यत्र उल्लेख भएका सहित देहाय बमोजिम हुनेछ ।

(१) नगरपालिकाको शैक्षिक योजना तयार गर्ने,

(२) नगरपालिका क्षेत्र भित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने सम्बन्धी निर्णय एवं सिफारिश गर्ने,

(३) विद्यालयहरूका लागि आवश्यक आर्थिक अनुदान तथा स्रोतको खोजी गर्ने,

(४) नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने परीक्षाहरूलाई मर्यादित, व्यवस्थित र भयरहित बनाउने,

(५) नगरपालिकाको क्षेत्रभित्र स्थापना भएका निजी स्रोतमा सञ्चालित सामुदायीक विद्यालयहरूको शिक्षक दरबन्दी, सेवा, सुविधा र सर्तहरु स्वीकृत गर्ने,

(६) व्यवसायिक शिक्षा तथा सीपमूलक शिक्षाको कार्यान्वयन गर्ने गराउने तथा व्यवसायिक, सीपमूलक र प्राविधिक शिक्षाहरु विद्यालयको क्षमता तथा नगरपालिकाको आवश्यकता एवम् परिस्थिति अनुसार तोकिएको कक्षाबाट सञ्चालन गराउने,

(७) विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिने, जागरुक र सचेत गराउने,

(८) विद्यालयहरुका लागि आवश्यक स्रोत साधन जुटाउने र परिचालन गर्ने,

(९) विद्यालयहरु सँग सम्बन्धित विषयहरुको सम्बोधन गर्ने,

(१०) शिक्षाको गुणस्तर कायम राख्न सूचक निर्धारण गर्ने र प्रगति मूल्याङ्कन गर्ने ।

(११) विद्यालयको सामाजिक परीक्षण गर्न लगाउने ।

(१२) संस्थागत विद्यालय तथा शैक्षिक गुठीसँग गर्ने सम्झौताका सर्तहरू निर्धारंण गर्ने ।

(१३) संस्थागत विद्यालयहरुको शिक्षक, कर्मचारी नियूक्ति, तथा सेवा सुविधाको मापदण्ड स्विकृत गर्ने ।

(१४) विद्यालयहरूको सुपरीवेक्षण तथा अनुगमन गर्ने ।

(१५) शैक्षिक संस्था र शिक्षासँग आवद्ध शिक्षक कर्मचारीहरूलाई कामका आधारमा आवश्यक प्रोत्साहन, नसिहत र दण्ड गर्ने गराउने ।

(१६) नगरपालिका शिक्षा समितिले तोकिए बमोजिम विज्ञहरु रहेको योजना निर्माण कार्यदल गठन गर्नसक्नेछ ।

(१७) विद्यालयको आन्तरिक आम्दानीको स्रोतको सदुपयोग र अभिवृद्धिका लागि आवश्यक निर्देशन दिन सक्नेछ ।

(१८) अन्य तोकिए बमोजिमका कार्यहरू गर्ने ।

**१७. शिक्षक तथा कर्मचारी छनौट तथा सिफारिस समितिः**

(१) नगरपालिका भित्र रहेका सामुदायीक विद्यालयहरुका स्वीकृत दरबन्दी वा अनुदानकोटा ( राहत कोटा) वा वालविकास केन्द्रका सहयोगी शिक्षक/सहयोगी कार्यकर्ता वा कर्मचारीको पद रिक्त भई करारमा नियूक्ती गर्नु पर्ने भएमा करार नियुक्तिका लागि छनोट परिक्ष सञ्चालन गरी नियूक्तका लागि सिफारिस गर्न देहाय वमोजिमको पर्सागढी नगरपालिका करार शिक्षक तथा कर्मचारी छनौट तथा सिफारिस समिति गठन हुनेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक

ख) विषय विज्ञ बढीमा ३ जना -सदस्य

(विषय विज्ञ भन्नाले नेपाल सरकारले तोकेका वा विषय विज्ञ वा सम्वन्धित विषयका स्थाई अधिकृत)

ग) संयोजकले तोकेको सम्वन्धित विषय/शाखा हेर्ने प्रमुख/अधिकृत/कर्मचारी -सदस्य सचिव

(२) उपदफा (१) (ख) को विषय विज्ञ छनोट नगर प्रमुख स्तरिय निर्णयबाट हुनेछ । छनोट परिक्षा सञ्चालनमा समितिमा रहेको दक्षताले अपुग भएमामा नगर प्रमुख स्तरिय निर्णयबाट थप विज्ञहरु आमन्त्रित सदस्यको रुपमा समितिमा राख्न सकिनेछ ।

(३) करार शिक्षक तथा कर्मचारी छनोट कार्यविधी तोकिए बमोजिम हुनेछ ।

(४) छनोट समितिले करार शिक्षक तथा कर्मचारी छनोट कार्यविधी तथा प्रचलित ऐन नियम बमोजिम आफ्नो कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१८. शिक्षा अनुगमन समितिः**

(१) विद्यालय शिक्षाको समग्र पक्षको अनुगमन गर्न देहाय बमोजिमको शिक्षा अनुगमन समिति गठन हुनेछः

(क) नगरपालिकाको उपप्रमुख -संयोजक

(ख) सम्बन्धित वडाका वडा अध्यक्ष -सदस्य

(ग) शिक्षक अभिभावक संघ अध्यक्षहरु मध्येबाट नगर प्रमुखले मनोनित गरेका १ जना -सदस्य

(घ) विद्यालय व्यवस्थापन समितिको अध्यक्षहरु मध्येबाट नगर प्रमुखले मनोनित गरेको १ जना -सदस्य

(ङ) नगरपालिका शिक्षा अधिकारी/शिक्षा शाखा प्रमुख -सदस्य सचिव

(२) अनुगमन समितिले गरेको अनुगमनको प्रतिवेदन नगरपालिका शिक्षा समिति समक्ष बुझाउनु पर्नेछ, थप काम, कर्तव्य र अधिकारहरु तोकिए बमोजिम हुनेछ ।

**१९. नगरपालिका शिक्षा अधिकारी:**

नगरपालिकामा शिक्षा हेर्ने एकजना नगरपालिका शिक्षा अधिकारी/शिक्षा शाखा प्रमुख हुनेछ निजको काम, कर्तव्य र अधिकार अन्यत्र उल्लेख भएको सहित देहाय बमोजिम हुनेछ ।

(१) शिक्षा सम्वन्धी योजना कार्यपालिका, नगर सभाबाट पारित गराई कार्यान्वयन गर्ने गराउने,

(२) नगरपालिकाको शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

(३) विद्यालय जाने र विद्यालय बाहिर रहेका बालबालिकाको खण्डीकृत शैक्षिक तथ्याङ्क अद्यावधिक गरी तथा गर्न लगाई कार्यपालिका मार्फत प्रदेश तथा केन्द्रमा नियमित रुपमा पठाउने,

(४) विद्यालय सञ्चालन तथा शैक्षिक कार्यक्रम कार्यान्वयनका लागि श्रोतको पहिचान संकलन र उपलब्ध स्रोतको यथोचित बाँडफाँड गर्ने गराउने,

(५) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको सञ्चालन, व्यवस्थापन, समन्वय र नियमन गर्ने गराउने,

(६) सेवा क्षेत्र भित्रका विद्यालय नक्साङ्कन गरी सोको आधारमा विद्यालय खोल्न अनुमति प्रदान गर्ने, कक्षा थप गर्ने, विद्यालय सार्ने, दुई वा दुईभन्दा बढी विद्यालय एक आपसमा गाभ्ने, विद्यालयको नाम परिवर्तन गर्ने कार्यको योजना वनाई पेश गर्ने र स्विकृत भएपछि कार्यान्वयन गर्ने गरांउने ।

(७) सामुदायीक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने, सामुदायीक विद्यालयमा कार्यरत शिक्षक तथा विद्यालय कर्मचारीको पदस्थापना, सरुवा तथा बढुवा सम्बन्धी कार्य गर्ने, स्वींकृत दरवन्दी अनुसार तलब भत्ता निकासा गर्ने,

(८) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको विदाको अभिलेख अद्यावधिक गर्ने, विद्यालयले स्वीकृत गर्ने बाहेकका अन्य विदाहरू स्वीकृत गर्ने,

(९) वार्षिक रुपमा विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक कर्मचारी दरबन्दी मिलान गर्ने, विद्यालयहरूमा न्यूनतम शिक्षक दरबन्दी उपलब्ध गराउने व्यवस्था गर्ने,

(१०) विद्यालयहरूको समूह विभाजन गरी स्रोत केन्द्र निर्धारण गर्ने र स्रोत केन्द्रबाट विद्यालयको निरीक्षण, शिक्षकको तालिम तथा अन्य शैक्षिक क्रियाकलाप सञ्चालन गर्ने गराउने,

(११) विद्यालयको गुणस्तर बढाउन प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा अन्य सरोकारवालाहरूको नियमित रुपमा बैठक, गोष्ठी वा तालिमको व्यवस्था गर्ने,

(१२) आधारभूत तहको परीक्षा व्यवस्थापन गर्ने, विद्यार्थी सिकाई उपलब्धि परीक्षण एवं व्यवस्थापन गर्ने, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति व्यवस्थापन गर्ने,

(१३) शिक्षा सम्बन्धी तथा आफ्नो पदिय कार्य गर्दा प्रमुख प्रशासकीय अधिकृतको सुपरीवेक्षण तथा निर्देशनको अधीनमा रही कार्य सम्पादन गर्ने,

(१४) सामुदायीक विद्यालयका शिक्षकहरुलाई आफ्नो विषयप्रति जिम्मेवार र जवाफदेही बनाउने,

(१५) संस्थागत विद्यालयको सञ्चालन व्यवस्थापन र नियमनको व्यवस्था मिलाउने,

(१६) कार्यपालिका एवं नगरपालिका प्रमुखको निर्देशन तथा प्रमुख प्रशासकीय अधिकृतको मातहतमा रही अन्य तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने,

## परिच्छेद -५

## विद्यालय व्यवस्थापन समिति सम्वन्धी व्यवस्था

**२०. सामुदायीक विद्यालय व्यवस्थापन समितिः**

(१) सामुदायीक विद्यालयको सञ्चालन, व्यवस्थापन र रेखदेख गर्नका लागि प्रत्येक विद्यालयमा देहाय बमोजिमका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) अभिभावक भेलाले सर्व सम्मतिले छानेको अभिभावक वा स्थानीय शिक्षासेवी -अध्यक्ष

(ख) अभिभावकहरु मध्येबाट समावेसी गरी कम्तीमा २ जना महिला सहित ४ जना -सदस्य

(अभिभावक भेलाले दुई पटक प्रयास गर्दा पनि सर्व सम्मतीले छान्न नसकेमा सम्वन्धित वडा समितिले सिफारिश गरेको)

(ख) विद्यालय रहेको सम्बन्धित वडा समितिका सदस्यहरू मध्येबाट वडा समितिले सिफारिश गरेको १ जना (पदेन) -सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी, दाताहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको १ महिला सहित २ जना -सदस्य

(घ) विद्यालय शिक्षक अभिभावक संघ अध्यक्ष -सदस्य

(ङ) विद्यालयका शिक्षकहरूले आफूहरूमध्येबाट छनौट गरेको १ जना शिक्षक -सदस्य

(च) विद्यालय वाल क्लव बाट वा विद्याथीहरु मध्य समितिले छानेको एक वालिका एक वालक स्थाई आमन्त्रित -सदस्य

(छ) विद्यालयका प्रधानाध्यापक, -सदस्य सचिव

(२) समितिले उपदफा (१) को (क) बमोजिम सर्वसम्मत छनोट गर्न नसकेमा सो को प्रतिवेदनका आधारमा नगर शिक्षा समितिले अभिभावक मध्यबाट तोकेको व्यक्ती व्यवस्थापन समितिको अध्यक्ष हुनेछ ।

(३) प्राबिधिक तथा व्यवसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा नगरपालिका क्षेत्रभित्रका सम्बन्धित विषय तथा व्यवसायसँग आवद्धहरू मध्ये नगरपालिका शिक्षा समितिले मनोनित गरेका एक जना सदस्य रहनेछन् ।

(४) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा समितिका ज्येष्ठ सदस्यले समितिको अध्यक्षता गर्नेछ ।

(५) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरू फरक क्षमता (अपाङ्गता) भएका व्यक्तिको अभिभावकहरू सदस्य रहनेछन ।

(६) व्यवस्थापन समितिको म्याद सकिनुभन्दा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन गरी बहालवाला व्यवस्थापन समितिले पदभार हस्तान्तरण गर्नु पर्नेछ । यसो हुन नसकेमा वा व्यवस्थापन समिति गठन विवादित भएमा अर्को व्यवस्था नभए सम्मको लागी विद्यालय व्यवस्थापन समितिको गठन नगरपालिका शिक्षा समिति स्वयंले गर्नेछ ।

(७) व्यवस्थापन समितिको कार्यकाल बढीमा ३ वर्षको हुनेछ ।

(८) व्यवस्थापन समितिले आफ्नो जिम्मेवारी पुरा नगरेमा जुनसुकै समयमा नगरपालिका शिक्षा समितिको सिफारिशमा व्यवस्थापन समितिको विघटन गर्न सक्नेछ ।

(९) समितिका सदस्यले आफ्नो पद अनुसारको आचरण पालना नगरेको देखिएमा नगरपालिका शिक्षा समितिको सिफारिशमा पदिय आचरण र जिम्मेवारी पुरा नगर्ने अध्यक्ष वा सदस्य वा पर्सागढीई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

(१०) उपदफा (८) र (९) बमोजिम कारवाही गर्दा पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिनेछैन ।

(१०) पदवाट हटाइएको वा समिति विघटन भएको सम्वन्धमा चित्त नवुझेको अवस्थामा न्यायिक समितिमा उजुर लाग्नेछ ।

(११) व्यवस्थापन समिति गठन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२१. सामुदायीक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः**

(१) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(२) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(३) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गर्ने,

(४) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने, त्यसको जानाकारी नगरपालिकालाई दिने,

(५) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण बिगार्न नदिने,

(६) विद्यालय व्यवस्थापन समितिको सचिवालय व्यवस्थित गर्ने,

(७) शिक्षक सेवा आयोगले लिएको परीक्षामा सफल भई सिफारिश भई आएका शिक्षकलाई विद्यालयमा हाजिर गराई काममा लगाउने,

(८) नगरपालिकाबाट स्वीकृत दरबन्दीमा नियूक्ति भई आएका शिक्षक कर्मचारीको व्यवस्थापन गर्ने,

(९) स्विकृत दरवन्दीमा स्थाई नियूक्ति भई नआएसम्म नगरपालिकाले लिएका परीक्षाबाट छनोट भई आएका शिक्षक, तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने,

(१०) नगरपालिकाले तोकेका रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(११) लेखापरीक्षकको प्रतिवेदन अनुसार आवश्यक कार्वाही गर्ने र त्यसको प्रतिवेदन नगरपालिकामा पेश गर्ने,

(१२) तोकिए बमोजिमका क्षेत्रसँग सम्बन्धित विषयमा नगर सभा कार्यपालिका, नगरपालिका शिक्षा समिति र वडा समितिले दिएका निर्देशनहरूको पालना गर्ने गराउने,

(१३) विद्यालयको आन्तरिक स्रोतबाट खर्च ब्यहोर्ने गरी नियुक्त वा बढुवा गरेका शिक्षकका लागि सेवा, सर्त र सुविधा तोक्ने र तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाहरूको व्यवस्था गर्ने,

(१४) शिक्षक तथा कर्मचारीहरूलाई कानून वमोजिम आवश्यक कार्वाही गर्ने,

(१५) विद्यालय व्यवस्थापन समितिका अन्य काम, कर्तव्य अधिकार तोकिए बमोजिम हुनेछ।

**२२. संस्थागत विद्यालय व्यवस्थापन समितिः**

(१) संस्थागत विद्यालयको सञ्चालन, व्यवस्थापन र रेखदेख गर्नका लागि प्रत्येक विद्यालयमा देहाय बमोजिमका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरूमध्येबाट सम्वन्धित विद्यालयको सिफारिशमा नगरपालिका शिक्षा समितिबाट मनोनित भएका व्यक्ति -अध्यक्ष

(ख) अभिभाव भेलाबाट छानिएका कम्तीमा १ जना महिला सहित २ जना -सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी/समाजसेवीहरू मध्य समितिले मनोनित गरेको १ जना -सदस्य

(घ) सम्वन्धित विद्यालयका शिक्षकहरू मध्येबाट छानीएको १ जना शिक्षक -सदस्य

(ङ) विद्यालय रहेको वडा समितिबाट वडा समितिले सिफारिश गरेको एकजना -सदस्य

(च) विद्यालय शिक्षक अभिभावक संघ अध्यक्ष -सदस्य

(छ) विद्यालय वाल क्लव बाट १ वालिका १ वालक गरी २ जना स्थाई आमन्त्रित -सदस्य

(ज) नगरपालिकाको शिक्षा समितिले तोकेको शिक्षा हेर्ने कर्मचारी -सदस्य

(झ) विद्यालयका प्रधानाध्यापक -सदस्य सचिव

(३) समितिका पदाधिकारी तथा सदस्यको पदावधि ३ वर्षको हुनेछ।

**२३. संस्थागत विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः**

(१) विद्यालय सञ्चालनका लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(२) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गर्ने,

(३) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(४) नगरपालिकाले तोके बमोजिमको पाठ्यकम तथा पाठ्यपुस्तक अनिवार्य रुपमा लागू गर्ने,

(५) अनुशासनहीन शिक्षक तथा कर्मचारीहरूलाई कारवाही गर्ने,

(६) शिक्षा ऐन, नियमावली तथा अन्य कानूनमा उल्लेखित व्यवस्थाका अतिरिक्त नगरपालिकाबाट जारी शिक्षासँग सम्बन्धित सबै ऐन, नीति नियम, कार्यविधि, निर्देशिका र निर्देशनहरूको पालन गर्ने गराउने,

(७) विद्यालय व्यवस्थापन समितिले आवधिक रुपमा आफ्नो शैक्षिक, आर्थिक लगायत अतिरिक्त क्रियाकलाप समेतको प्रतिवेदन नगरपालिकामा पेश गर्ने ।

२४. **विद्यालय व्यवस्थापन समिति सम्बन्धी अन्य व्यवस्था**

(१) विद्यालयले सङ्कलन गर्ने सबै प्रकारका शिक्षण शुल्क, कर्मचारी तथा शिक्षकहरुलाई उपलब्ध गराउने पारिश्रमिक, विद्यार्थीहरुलाई उपलब्ध गराउने छात्रवृत्ति लगायतका विषयमा कार्यपालिका तथा नगरपालिका शिक्षा समितिले आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) विद्यालय व्यवस्थापन समितिका अन्य काम, कर्तव्य अधिकार तोकिए बमोजिम हुनेछ ।

(४) बैठक सम्बन्धी कार्यविधि विद्यालय व्यवस्थापन समितिले तोके बमोजिम हुनेछ ।

(५) कुनै पनि व्यक्ति एक भन्दा बढी विद्यालय व्यवस्थापन समितिमा रहन सक्नेछैन । तर पदेनको हकमा यो लागु हुनेछैन ।

२५. **विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने:**

(१) कुनै पनि विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पुरा गर्न नसकेको भनी नगरपालिका शिक्षा समितिले वडा समितिको सिफरिश सहित वा सिधै कारण सहित सिफारिश गरेमा सोको कारण खुलाई कार्यपालिकाले तोकिएको प्रक्रिया पुरा गराई विद्यालय व्यवस्थापन समितिलाई विघटन गर्नसक्नेछ । तर यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिइनेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न नगरपालिकाले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गरी दिन सक्नेछ ।

२६. **विद्यालय सञ्चालन कार्यविधि:**

(१) यस ऐन र प्रचलित कानूनको अधीनमा रही प्रत्येक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य, मान्यता र सञ्चालन प्रक्रिया बालबालिकाहरुको चौतर्फी विकासमा टेवा पुग्ने गरी अतिरिक्त क्रियाकलापहरुको विवरण लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेस

गरिएको कार्यविधि अभिभावक भेलाबाट पारित गराई नगरपालिका शिक्षा समितीको स्विकृतीमा लागु गर्नु पर्नेछ ।

(२) अभिभावक भेलाले आवश्यकता अनुसार कार्यविधि संशोधन गर्नसक्नेछ ।

(३) कार्यविधि अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति र प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ ।

(४) अध्यावधिक गरेको कार्यविधि पारित भएको मितिले १५ दिनभित्र व्यवस्थापन समितिले नगर कार्यपालिकाको कार्यालयमा पेश गरी स्विकृती लिनु पर्नेछ ।

(५) नगरपालिकाले नगरपालिका क्षेत्र भित्र शैक्षिक विकासका लागि नमूना विद्यालयको विकास गर्न, आवश्यकता अनुसार नमूना विद्यालय स्थापना गर्न वा हाल सञ्चालित सामुदायीक विद्यालयहरु मध्येबाट नमूना विद्यालय छनौट गरी सञ्चालन गर्न सक्नेछ । नमूना विद्यालयलाई सम्वन्धित विषयमा आवश्यक स्वयर्मसेवक र थप सहयोगको व्यवस्था तोकिए बमोजिम गरिनेछ ।

## परिच्छेद -६

## आर्थिक र जिन्सी व्यवस्था, लेखा र लेखापरीक्षण तथा अन्य व्यवस्था

**२७. नगरपालिका शिक्षा विकास कोषः**

(१) सामुदायीक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न नगरपालिकामा एउटा नगरपालिका शिक्षा विकास कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन् :

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) संस्थागत विद्यालयबाट प्राप्त विद्यालयको वार्षिक कुल आम्दानीमध्ये तोकिए बमोजिमको रकम,

(ङ) चन्दाबाट प्राप्त रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

**२८. नगरपालिका शिक्षा विकास कोष सञ्चालनः**

नगरपालिका शिक्षा विकास कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**२९. विद्यालय कोषः**

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहनेछ, जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिल हुनेछ :

(क) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(ख) नगरपालिकाको शिक्षा कोषबाट प्राप्त अनुदान,

(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

(ङ) अन्यस्रोतबाट प्राप्त रकम,

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सामाजिक परीक्षण तोकिए बमोजिम हुनेछ ।

**३०. अनुदानको व्यवस्था:**

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिंदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको शीर्षक स्रोत र सूत्रको आधारमा नगरपालिकाले समुदायिक विद्यालयलाई अनुदान दिनेछ तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिइँदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

(२) समुदायिक विद्यालयलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराइनेछ ।

**३१. प्रारम्भिक बाल विकासकेन्द्रलाई अनुदान दिन सक्ने:**

नगरपालिकाले सामुदायीक प्रारम्भिक बाल विकास केन्द्र तथा प्रारम्भिक बाल विकास सिकई केन्दलाई तोकिए बमोजिमको अनुदान रकम दिन सकिनेछ ।

**३२. शुल्क सम्वन्धी व्यवस्था:**

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायीक विद्यालयले विद्यार्थीहरूबाट कुनै पनि किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायीक विद्यालयले लिन सक्नेछ ।

(३) सबै बाल बालिकाहरूलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि नगरपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेक अन्य विद्यालयमा अध्ययन गर्ने विद्यार्थीसँग लिने शुल्क नगरपालिका शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

(५) विद्यालयले विद्यार्थीहरूलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नका लागि शिक्षण शुल्क बाहेक अन्य कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(६) विद्यालयले आफ्नो भौतिक संरचना निर्माण गर्नका लागि विद्यार्थीहरुसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिने शुल्क कार्यपालिकाबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिंदा कार्यपालिकाले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा नगरपालिकाले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनेछ ।

(९) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई नगरपालिका शिक्षा समितिको सिफारिशमा कार्यपालिकाले पच्चीस हजार देखी एक लाख रूपैयाँसम्म जरिवाना गर्नसक्नेछ ।

**३३. छात्रवृत्तिको व्यवस्था गर्न सक्नेः**

(१) नगरपालिकाले सामुदायीक विद्यालयमा भर्ना भई अध्ययन गर्ने विद्यार्थीहरूलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्नसक्नेछ ।

(२) कक्षा पाँच सम्मका विद्यार्थीहरुलाई तोकिए बमोजिम खाजाको व्यवस्था गरिनेछ ।

**३४. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्नेः**

(१) संस्थागत विद्यालयहरूले भर्ना भएका कुल विद्यार्थी सङ्ख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्ग, महिला, दलित तथा जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्न विद्यालयले नगरपालिका शिक्षा समितिको प्रतिनिधि समेत रहेको छनौट समिति गठन गर्नेछ । प्रत्येक विद्यालयले आफूले उपलब्ध गराएको छात्रवृत्तिको आधार सहितको विवरण नगरपालिकामा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम कार्यपालिकामा पेश भएको छात्रवृत्ति विवरणमा त्रुटी वा अन्यथा देखिएमा पुनरावलोकन गर्न सम्वन्धित विद्यालयलाई निर्देशन दिन सक्नेछ । उक्त निर्देशन पालना गर्नु विद्यालयको कर्तव्य हुनेछ ।

**३५. विद्यालयको सम्पत्तिः**

(१) सामुदायीक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्ध गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायीक विद्यालयको सम्पत्ति नगरपालिकाको हुनेछ । अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानून बमोजिम बेचबिखन गरी प्राप्त भएको रकम नगरपालिकाको शिक्षाकोषमा जम्मा गरिने छ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ, कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ तर त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनि अन्तर्गत सञ्चालित विद्यालयको सम्पत्ति सोही कम्पनिको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दानदातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकाको स्वीकृति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकाको सिफारिशमा संघीय सरकारको स्वीकृति लिनु पर्नेछ ।

(५) संघीय सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति संघीय सरकारको स्वीकृति बेगर, प्रदेश सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति प्रदेश सरकारको स्वीकृति बेगर र गाउपालिकाको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नगरपालिकाको स्विकृती बेगर बेचबिखन तथा अन्यथा गर्न पाइने छैन ।

**३६. विद्यालयलाई छुट र सुविधाः**

(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायीक विद्यालय र सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएको बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोके बमोजिमको आधारमा रजिष्ट्रेशन दस्तुर लाग्नेछ ।

(३) विद्यालयहरुलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

**३७. लेखा र लेखापरीक्षणः**

(१) विद्यालयले दोहोरो स्रेस्ता प्रणाली र प्रचलित लेखामानका आधारमा आयव्ययको स्रेस्ता राख्नुपर्नेछ ।

(२) विद्यालयले राखेको स्रेस्ताको प्रचलित कानून बमोजिम मान्यताप्राप्त लेखापरीक्षकबाट वार्षिक रुपमा लेखापरीक्षण गराउनु पर्नेछ ।

(३) विद्यालयको लेखापरीक्षणका लागि सूचिकृत लेखापरिक्षक मध्येबाट नगर कार्यपालिकाले तोकिदिनेछ ।

## परिच्छेद -७

## दरवन्दी मिलान, शैक्षिक योग्यता, नियुक्ति र सरुवा सम्वन्धी व्यवस्था

**३८. दरबन्दी मिलानः**

आवश्यक मापदण्ड सहित विद्यार्थी/शिक्षक अनुपात निर्धारण गरी नगरपालिका शिक्षा समितिका सिफारिसमा कार्यपालिकाले सामान्यतया प्रत्येक वर्षको चैत्रभित्र दरबन्दी मिलान कार्य गर्नेछ । हाल रहेको शिक्षक जगेडा दरबन्दी यसै ऐन बमोजिम कार्यपालिका मातहत रहनेछ ।

३९. शैक्षिक योग्यता:

विद्यालयको शिक्षक, कर्मचारी, वालविकास केन्द्रको सहयोगी शिक्षक/सहयोगी कार्यकर्ताका लागि चाहिने न्यिनतम शैक्षिक योग्यता प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ ।

४०. शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्ने:

नगरपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी सङ्ख्या, तह र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नेछ ।

४१. शिक्षकलाई अन्य काममा लगाउन नहुने:

(१) सामुदायीक विद्यालयलको शिक्षकहरुलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासनिक सम्बन्धी कममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी नेपाल सरकार वा नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

४२. शिक्षकको नियुक्ती:

(१) विद्यालयमा रिक्त स्थाई, शिक्षकको पदपुर्ती हाल रहेको शिक्षक जगेडा दरबन्दीमा रहेका, समायोजन भई आएका, सरुवा भई आएका र सेवा आयोग उतिर्ण भई सिफरिस गरिएकाहरु बाट हुनेछ ।

(२) शिक्षक सेवा आयोगबाट सफल भई सिफारिश भएका शिक्षकलाई प्रमुख प्रशासकीय अधिकृतले विषय मिल्ने गरी स्थायी नियुक्ति दिई काममा लगाउनेछ ।

(३) उपदफा (१) अनसार पदपुर्ती नभए सम्मका लागि विद्यालयमा रिक्त स्थाई, शिक्षकको पदपुर्ती यसै ऐनको दफा १७. बमोजिम गठित समितिले छनोट गरी सिफारिश गरेकोबाट करार नियूक्ती गरीने छ । यसरी करार नियूक्ती भएका शिक्षक स्थाई पदपुर्ती भएको मिति बाट स्वत खारेज हुनेछ ।

(४) विद्यालयमा रिक्त अस्थायी, करार, अनुदानकोटा (राहत) र बाल विकास केन्द्रका सहयोगी शिक्षक/सहयोगी कार्यकर्ताको नियुक्ति यसै ऐनको दफा १७. बमोजिम गठित समितिले छनोट गरी सिफारिश गरेकोबाट हुनेछ ।

(५) स्थाई, अस्थायी, करार, अनुदानकोटा (राहत) बाल विकास केन्द्रका सहयोगी शिक्षक/सहयोगी कार्यकर्ताको योग्यता र सेवा सर्त सुविधा तोकिए बमोजिम हुनेछ ।

४३. शिक्षकको सरुवा र बढुवा:

(१) सरुवा भएर जाने र आउने दुबै विद्यालयका व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी रिक्त दरबन्दीमा नगरपालिका भित्र सरुवाका लागि निवेदन दिने स्थायी, अस्थायी, करार, अनुदानकोटा (राहत) मा कार्यरत शिक्षक सहयोगी

शिक्षक/सहयोगी कार्यकर्ताहरुको सरुवा नगर प्रमुख स्तरीय निर्णयमा प्रमुख प्रशासकीय अधिकृतले गर्न सक्नेछ ।

(२) सरुवा भएर जाने र आउने दुबै विद्यालयका व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी रिक्त दरबन्दीमा नगरपालिका क्षेत्र वाहिर सरुवाका लागि निवेदन दिने शिक्षकहरुको सरुवा सम्वन्धमा अध्यक्ष स्तरीय निर्णयमा प्रमुख प्रशासकीय अधिकृतले सम्वन्धित निकायमा सिफरिस गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि आवश्यकता र औचित्यको आधारमा अध्यक्ष स्तरीय निर्णयमा प्रमुख प्रशासकीय अधिकृतले शिक्षकहरूलाई विद्यालय व्यवस्थापन समितिको सहमति नलिई नगरपालिका भित्रका एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गर्नसक्नेछ ।

(४) शिक्षक सेवा आयोगबाट सफल भई सिफारिश भएका शिक्षकलाई प्रमुख प्रशासकीय अधिकृतले विषय मिल्ने गरी स्थायी नियुक्ति दिई काममा लगाउनेछ ।

(५) शिक्षकको बढुवा प्रचलित कानुनमा तोकिए बमोजिम हुनेछ ।

**४४. तलब भत्ता नपाउने र सेवा अवधी गणना नहुने:**

दफा (४२) को उपदफा (२) मा उल्लेखित अवस्थामा वा नियमानुसार विदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षक, सहयोगी शिक्षक/सहयोगी कार्यकता तथा कर्मचारीले अनुपस्थित अवधीको तलब भत्ता पाउने छैन, सो अवधी सेवामा गणना समेत हुनेछैन ।

**४५. प्रधानाध्यापक शिक्षक तथा कर्मचारी सम्वन्धी व्यवस्था:**

(१) प्रत्येक सामुदायीक विद्यालयमा एक जना प्रधानाध्यापकको दरबन्दी रहनेछ ।

(२) उपदफा (१) बमोजिमका प्रधानाध्यापकको पदावधि सामान्यतया: ३ वर्षको हुनेछ । कार्यसम्पादन मुल्यङ्कन र कार्यजिम्मेवारीका आधारमा पुन: नियुक्ति हुन सक्नेछ ।

(३) कार्ययोजना र कार्यदक्षताका आधारमा कार्यपालिकाले गरेको निर्णय र अध्यक्षको निर्देशन अनुसार प्रमुख प्रशासकीय अधिकृतले प्रधानाध्यापकको छनोट गर्नेछ ।

(४) नगरपालिकाको क्षमताका आधारमा कार्यपालिकाले प्रचलित कानूनको विपरित नहुने गरी प्रधानाध्यापक तथा अन्य शिक्षक, र्कचारीको सेवा सुविधा थप गर्नसक्नेछ ।

(५) प्रधानाध्यापक छनोट, शिक्षक सहयोयी शिक्ष्क/सहयोगी कार्यकर्ता तथा कर्मचारी नियुक्ति, सेवाशर्त र सुविधा सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४६. स्थायी आवासीय अनुमति लिन नहुने:**

सामुदायीक विद्यालयलमा कार्यरत कुनै शिक्षक वा कर्मचारीले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन । स्थायी

आवासीय अनुमति लिएका तथा लिन आवेदन दिएका शिक्षक वा कर्मचारीलाई दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ ।

**४७. शिक्षक महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः**

(१) सामुदायीक विद्यालयलका शिक्षकहरूको पेशागत हकहितका सम्बन्धमा कार्य गर्न तोकिए बमोजिमको एक शिक्षक महासंघ रहनेछ ।

(२) देहायका अवस्थामा शिक्षक तथा कर्मचारीलाई विद्यालय व्यवस्थापन समितिले कारवाहीको लागि नगरपालिका शिक्षा समितिमा सिफारिश गर्नेछ । सो उपर अनुगमन समितिको प्रतिवेदनका आधारमा नगर कार्यपालिकाले सेवाबाट बर्खास्त गर्नसक्नेछ ।

(क) तोकिए बमोजिम पदीय दायित्व पुरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित भएमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायीक विद्यालयलका शिक्षक वा कर्मचारीहरुले कार्यालय समयमा अन्यत्र अध्यापन वा अन्य व्यवसायिक क्रियाकलाप गरेमा ,

(च) शिक्षक वा कर्मचारीले व्यवसायिक हकहितका नाममा सूक्ष्म रुपमा अमूक राजनैतिक दलको मात्र हित वा विरोधमा कार्य गर्ने संगठनका गतिविधिमा कार्यालयको समयमा संलग्न भएमा ।

(३) उपदफा (२) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने कारणको आवश्यक प्रमाण प्राप्त भएमा नगरपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ । तर कार्यरत पदबाट हटाउनु अघि मनासिव माफिकको स्पष्टीकरणको मौका प्रदान गरिने छ ।

**४८. दण्ड सजायः**

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असुल गरी बिगोबमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानूनले तोकेबमोजिम सजाय हुनेछ :-

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बिना प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरुको तर्फबाट परीक्षा दिएमा,

(च) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(छ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श, बृजकोर्ष, कोचिङ्ग कक्षा, ट्यूसन सेन्टर, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

(ज) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(झ) कानून विपरितका अन्य कार्य गरेमा ।

(३) कानून बमोजिमको कसुरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको अन्तिम फैसला नभएसम्म निलम्बित हुनेछन् । सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ ।

**४९. पुनरावेदन:**

तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून बमोजिम पुनरावेदन लाग्नेछ ।

**५०. अदालतको आदेशबाट पुन: बहाली हुन सक्ने:**

(१) दफा (४८) मा उल्लेख भएका कुनै आरोप वा अन्य आरोपमा सजाय भै नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक, कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुन: बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुन: बहाली भएको शिक्षक वा कर्मचारीले नोकरीबाट हटेको दिनदेखि पुन: बहाली भएको मितिसम्मको पुरा तलब ,भत्ता र तलब बृद्धि पाउने भए सो समेत पाउनेछ ।

**५१. नगरपालिकाले निर्देशन दिन सक्ने:**

(१) नगरपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित छात्रावास, ट्युसन सेन्टर, कोचिङ सेन्टर सञ्चालनका लागि तोकिए बमोजिमका सर्त पुरा गरेका संस्थालाई अनुमति लगायतका आवशयक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको दिइएको निर्देशन पालन गर्नु/गराउनु विद्यालय व्यवस्थापन समिति तथा सम्बन्धित सवैको कर्तव्य हुनेछ ।

## परिच्छेद -८

## विविध

**५२. विद्यालयलाई शान्ति क्षेत्रको रुपमा कायम गर्नु पर्ने:**

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई शान्तिक्षेत्र कायम गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने सर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछन् ।

**५३. बालबालिकाहरूलाई निष्कासन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने:**

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्कासन गर्न पाइनेछैन ।

तर बालबिज्याई गरेको अवस्थामा बालकलाई आवश्यक कारवाहीका लागि सिफारिस गरी पठाउन बाधा पुगेको मनिनेछैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइनेछैन ।

**५४. प्रगति विवरण बुझाउनु पर्ने:**

सामुदायीक विद्यालयले चौमाशिक र संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण नगर शिक्षा समिति समक्ष बुझाउनु पर्नेछ ।

**५५. नियम बनाउने अधिकार:**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यक व्यवस्थाहरु सहित शिक्षा नियमावली तथा कार्यबिधीहरु बनाउन सक्नेछ ।

(२) कार्यापालिकाले समग्र शिक्षा क्षेत्रको व्यवस्थापन वा कुनै विशेष विषयलाई लिएर विशेष निर्देशन जारी गर्न सक्नेछ ।

**५६. संक्रमणकालीन व्यवस्था:**

(१) यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली कार्यविधी नआएसम्म नगर कार्यपालिकाले निर्णय गरे अनुसार हुनेछ ।

**५७. बाधा अडकाउ फुकाउने अधिकार:**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ। उक्त आदेश त्यस पछी हुने नगर सभाले पारित ग्रेको हद सम्म कायम हुनेछ ।

**५८. बचाउ र लागु हुने:**

(१) यी ऐन वा यस ऐनअन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र अन्यथा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन २०५९ अन्तर्गत कार्यवाही चलाउन बाधा पर्ने छैन ।

(३) संविधान, सङ्घीय र प्रादेशिक कानूनसँग यस ऐनका कुनै दफा उपदफा बाझिएमा बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ।

(४) यसअघि कानून बमोजिम नियुक्त शिक्षक कर्मचारीहरूलाई नेपाल सरकारले दिइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन। तर यो व्यवस्थाले कानून बमोजिम दण्ड, सजाय कार्यवाही गर्न बाधा पर्नेछैन।

**५९. संसोधन तथा खारेजीः**

(१) यस ऐनको संसोधन वा खारेजी कार्यपालिकाको प्रस्तावमा नगर सभाले गर्न सक्नेछ।

(२) नगर सभाले यस ऐनलाई संसोधन वा खारेजी गरेमा नगरपालिकाका राजपत्रमा प्रकाशित भएको मिति बाट लागु हुनेछ।

*प्रमाणित मिति २०७८/०३/१३ गते*

आज्ञाले,
भरत प्रसाद यादव
नि.प्रमुख प्रशासकीय अधिकृत